२०७९ साल असार ०६ गते सोमबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ७७औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

निर्णय नं.१:

गत विगतका बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं.२:

गाउँ सभाको बार्‍हौं अधिवेशनमा आगामी आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न तैयारी गर्ने ।

निर्णय नं.३:

राक्सिराङ्ग गाउँ सभाको बार्‍हौं (वर्षे अधिवेशन) मिति २०७९/०३/१० गते आब्हान गर्ने ।

स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम यस गाउँपालिका अन्तर्गतका निम्न उल्लेखित विषयगत समिति तथा अन्य समितिहरुको संयोजक एवं सदस्यहरु तोक्नु पर्ने भएकोले निम्नानुसार पदाधिकारी तोक्ने ।

तपसिल:

| सि.नं. | विषयगत समिति | पदाधिकारीको नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास समिति | श्री बाबीराम मुक्तान | संयोजक | |
| | | श्री अकल बहादुर मुक्तान | सदस्य | |
| | | श्री सुशिला सुनार | सदस्य | |
| | | श्री निशिथ प्रसाद शर्मा | सदस्य-सचिव | |
| २ | सामाजिक विकास समिति | श्री युसाई प्रजा | संयोजक | |
| | | श्री हरि बहादुर प्रजा | सदस्य | |
| | | श्री सिंहलाल प्रजा | सदस्य | |
| | | श्री गोविन्द अधिकारी | सदस्य-सचिव | |
| ३ | पूर्वाधार विकास समिति | श्री राम कुमार वाल्पा | संयोजक | |
| | | श्री संजय कोइराला | सदस्य | |
| | | श्री चन्द्रमान प्रजा | सदस्य | |
| | | श्री शान्तनु टिबडेवाल | सदस्य-सचिव | |
| ४ | विधेयक समिति | श्री उत्तम वाइबा | संयोजक | |
| | | श्री शान्ता कुमारी अर्याल | सदस्य | |
| | | श्री अकल बहादुर मुक्तान | सदस्य | |
| | | श्री निशिथ प्रसाद शर्मा | सदस्य-सचिव | |
| ५ | आर्थिक विकास समिति | श्री राम बहादुर प्रजा | संयोजक | |
| | | श्री हरि बहादुर प्रजा | सदस्य | |
| | | श्री सुजाता दमाई | सदस्य | |
| | | श्री राजेन्द्र भट्टराई | सदस्य-सचिव | |
| ६ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन समिति | श्री बुद्धराम मुक्तान | संयोजक | |
| | | श्री सजिना मुक्तान नेपाली | सदस्य | |
| | | श्री चन्द्रमान प्रजा | सदस्य | |
| | | श्री गोविन्द अधिकारी | सदस्य-सचिव | |
| | | अन्य समितिका पदाधिकारीहरुको विवरण: | | |
| ७ | स्थानीय राजश्व परामर्श समिति | गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य | |
| | | श्री हरि बहादुर प्रजा | सदस्य | |
| | | श्री सजिना मुक्तान नेपाली | सदस्य | |
| | | गाउँपालिकास्तरको उद्योग वाणिज्य सम्बन्धी संस्थाको प्रतिनिधि | सदस्य | |
| | | घरेलु तथा साना उद्योग विकास सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँपालिका तहको प्रतिनिधि | सदस्य | |
| | | श्री चुन नारायण श्रेष्ठ | सदस्य-सचिव | |
| ८ | स्रोत अनुमान तथा बजेट सिमा | अध्यक्ष श्री राजकुमार मल्ल | संयोजक | |

| | | | | |
|---|---|---|---|---|
| | निर्धारण समिति | उपाध्यक्ष श्री बनस्तम थिङ | सदस्य | |
| | | श्री हरि बहादुर प्रजा | सदस्य | |
| | | श्री बुद्धराम मुक्तान | सदस्य | |
| | | श्री सिंहलाल प्रजा | सदस्य | |
| | | श्री सुजाता दमाई | सदस्य | |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य-सचिव | |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| | | श्री राम कुमार वाल्पा | सदस्य | |
| | | श्री युसाई प्रजा | सदस्य | |
| | | श्री राम बहादुर प्रजा | सदस्य | |
| | | श्री बाबीराम मुक्तान | सदस्य | |
| | | श्री बुद्धराम मुक्तान | सदस्य | |
| | | श्री उत्तम वाइबा | सदस्य | |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य | |
| | | श्री चुन नारायण श्रेष्ठ | सदस्य-सचिव | |
| १० | अनुगमन तथा सुपरिवेक्षण समिति | गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| | | श्री संजय कोइराला | सदस्य | |
| | | श्री राम कुमार वाल्पा | सदस्य | |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य | |
| | | प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी | सदस्य | |
| | | योजना शाखाप्रमुख वा सो शाखाको जिम्मेवारी तोकिएको कर्मचारी | सदस्य-सचिव | |
| ११ | वडास्तरीय अनुगमन समिति | सम्बन्धीत वडाको वडाध्यक्ष | संयोजक | |
| | | वडा सदस्यहरु मध्येबाट पालो मिलाई एकजना सदस्य | सदस्य | |
| | | प्राविधिक कर्मचारी | सदस्य | |
| | | वडा सचिव | सदस्य-सचिव | |

**निर्णय नं.५:**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड "च", "ज" र "ट" मा स्वमूल्यांकनको प्रारम्भिक नतिजाबाट प्राप्त भएको अंक अनुमोदन गरी स्विकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:**

यस गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु र भए गरेका कामहरुका बारेमा सञ्चार माध्यम एवं सर्वसाधारणको जानकारीको लागि प्रकाशन, प्रशारण गर्न वा सरोकारवाला व्यक्ति वा निकायहरुलाई उपलब्ध गराउन गाउँ कार्यपालिका सदस्य श्री हरि बहादुर प्रजालाई प्रवक्ता तोक्ने ।

**निर्णय नं.७:**

आ.ब. २०७८/०७९ मा ठेक्काबाट सञ्चालित निम्न उल्लेखित बहुबर्षिय योजनाहरुको म्याद थप र थप बजेट रकम माग गर्नु पर्ने भएकोले तपसिलको बहुबर्षिय योजनाहरुको तपसिल अनुसार म्याद थप गरी तपसिल बमोजिमको थप बजेट माग गर्ने ।

तपसिल:

| सि.नं. | आयोजनाको नाम | ठेगाना | योजनाको किसिम | ठेक्का रकम | ठेक्का लिने फर्म | सम्झौता मिति | हाल सम्म खर्च रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकिय भवन निर्माण | राक्सिराङ्ग-५ चैनपुर | संघिय अनुदान र गापा | ६,४२,१२,८२५.००. | जयमाता कन्ट्रक्सन प्रा.लि. | २०७८/०३/१४ | २६,९४,०००.०० | ६,१५,८,८२५.०० |
| २ | चेपाङ्ग संग्राहालय भवन निर्माण | राक्सिराङ्ग-५ चैनपुर | संघिय अनुदान र गापा | ३,६९,०७,४०५.०० | बानिया-सुन्दर नेपाल जेभी. | २०७८/०४/२० | ६४,७३,६९६.०० | ३,०,४,३३,७०९.०० |
| ३ | दुंगु अठारे सडक निर्माण | राक्सिराङ्ग-४ दुंगु | समानिकरण समपुरक अनुदान | ३,१४,७०,४५८.०० | काष्ठमाण्डप/आजिवन जे.भी. | २०७८/०९/२१ | १,०४,९४,२८४.०० | २,०,९,७६,१७४.०० |
| ४ | सिलिङ्गे सिलाधुनी गैजुराङ् पा ईराङ्ग सडक | राक्सिराङ्ग-६,८ र ९ | समानिकरण समपुरक अनुदान | ९९,३४,९६२.०० | भान्जा टेक कन्ट्रक्सन एण्ड सप्लायर्स | २०७८/०८/२७ | ------- | ९९,३४,९६२.०० |
| ५ | देवीटार-पाङथली सडक सुधार निर्माण | राक्सिराङ्ग-८ | समानिकरण समपुरक अनुदान | १,६९,४०,४२६.०० | शिखर ईन्जिनियरिङ्ग कन्ट्रक्सन कम्पनी | २०७८/०९/२६ | ------ | १,६९,४०,४२६.०० |
| ६ | १० वेड हस्पिटल भवन निर्माण | राक्सिराङ्ग-५ | संघिय शसर्त अनुदान | ५,९८,५८,५७१.०० | लामा-बानिया जे.भी. हेटौडा | २०७८/०८/२० | २५,००,०००.०० | ५,७३,५८,५७१.०० |
| ७ | बोटबारी -परेबाभिर सडक निर्माण | राक्सिराङ्ग-५ र ४ | संघिय शसर्त अनुदान र गापा | ४,३२,१५,८२१.०० | लामा-बानिया जे.भी. हेटौडा | २०७८/०८/२२ | ३,१७,७७,७३३.०० | १,१४,३८,०८८.०० |
| | | | | | | | | |

देव चन्द्र रातौंला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.८: विविध**

राक्सिराङ्ग गाउँपालिकाको आ व २०७९।०८० को बजेट तर्जुमाको लागि वडास्तरबाट योजना छनौट तथा कार्यान्वयनका लागि गाउँपालिकामा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेट सिलिङ्ग, तथा गाउँपालिकाको आन्तरिक स्रोतको परिचालनका सन्दर्भमा प्रत्येक वडा लाई अत्यावश्यक योजनाहरुका लागि रु ४५ लाख सम्मको अधिकतम सिलिङ्ग उपलब्ध गराउने र त्यसरी वडा सिलिङ्ग निर्धारण भएका बजेट कार्यान्वन गर्दा निम्न शर्तहरुको अधिनमा रही कार्यान्वयन गर्ने ।

- गाउँपालिकाको नीति तथा कार्यक्रम भित्र केन्द्रित रहेर बजेट निर्माण गर्ने ।
- एउटा वडामा कम्तिमा १० लाख सम्मको गौरवको आयोजना अनिवार्य सञ्चालन गर्नुपर्नेछ ।
- कार्यालय सञ्चालन तथा विशुद्ध चालु प्रकृतिको खर्चमा रकम विनियोजन गर्न पाईने छैन ।
- पूर्वाधार निर्माण तथा आर्थिक विकास (कृषि, पशु, सहकारी, रोजगारी) क्षेत्रमा प्रति कार्यक्रम वा योजनामा कम्तीमा ३ लाख रकम विनियोजन गर्नुपर्नेछ ।
- भवितव्य/भैपरि आउने योजनाहरु गाउँपालिकाको सम्बन्धीत विषयगत समितिको सिफारिसमा गाउँपालिका अध्यक्षको स्वीकृतिबाट सञ्चालन गरिने ।
- खरिद सम्बन्धी कृयाकलापहरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको खरिद इकाई शाखा मार्फत सम्पादन गर्नुपर्नेछ ।
- योजना सिफारिस तथा संशोधनका लागि अनिवार्य रुपमा वडा समिति पूर्ण सदस्यीय निर्णयबाट मात्र सम्पादन गरिने ।

**निर्णय नं. ९:**

स्थानीय स्तरमा देखिने सामान्य देवानी प्रकृतिका विवादहरुलाई स्थानीयस्तरमै निरुपण गर्न स्थानीय तहमा एक न्यायिक समितिको परिकल्पना गरिए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ (२) मा न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेकोले न्यायिक समितिको तर्फबाट संयोजक श्री बनस्तम थिङले पेश गर्नुभएको देहायको वार्षिक प्रतिवेदन अनुमोदनको लागि अध्यक्ष मार्फत सभामा पेश गर्न स्वीकृत गर्ने ।

**न्यायिक समितिको बार्षिक प्रतिवेदन**

नेपालको वर्तमान संविधानको धारा २१७ को कार्यान्वयनको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुसार राक्सिराङ्ग गाउँसभाले २०७५ सालमा न्यायिक समिति गठन गरेको छ । मिति २०७८ वैशाख ११ गते सम्म न्यायिक समितिको संयोजकमा श्री निर्मला हिम्डुङ्ग, सदस्यहरुमा श्री रामकृष्ण प्रजा र श्री कर्ण कुमारी राउत रहनु भएको थियो भने हाल २०७९ को स्थानीय तह निर्वाचनबाट नवनिर्वाचित न्यायिक समतिको संयोजकमा श्री बनस्तम थिङ रहनुभएको छ भने न्यायिक सहजकर्तामा श्री डिना हिम्डुङ्गले कामकाज गरिरहेको अवस्था छ । नेपालको संविधान धारा २१४ को उपधारा (१) र (२) तथा अनुसुची ८ मा उल्लेखित स्थानीय तह को अधिकारहरु र मेलमिलाप सम्बन्धी ऐन, २०६८ तथा तत् सम्बन्धी नियमावली २०७० मा भएका व्यवस्थालाई आत्मसाथ गर्दै राक्सिराङ्ग गाउँपालिकाका ९ वटै वडाहरुमा मेलमिलापको कार्यमा सहजीकरण गर्न ४८ घन्टे तालिम प्राप्त २७ जना मेलमिलाप कर्ताहरुलाई सुचिकृत गरिएको छ ।

चालु आर्थिक वर्ष २०७८ साउन ०१ देखी २०७९ असार मसान्त सम्म न्यायिक समिति समक्ष गालीबेईज्जती सम्बन्धि १, जग्गा सम्बन्धि विवाद २ गरी जम्मा ३ वटा विवाद दर्ता भएका छन । जस मध्ये जग्गा विवाद सम्बन्धी एउटा विवाद दुवै पक्षहरुको सहमतिमा न्यायिक समितिद्वारा मिलापत्र गरी पठाईएको र गालीबेईज्जती सम्बन्धि विबाद न्यायिक समितिद्वारा पटक पटक पेशी तोके पनि निवेदक उपस्थित हुने तर विपक्ष उपस्थित

नभएको हुँदा सम्बन्धित निकायमा जानका लागि कानुनी प्रक्रियाको बारेमा मौखिक रुपमा जानकारी दिई पठाएको र ऐलानि जग्गा सम्बन्धि विवाद न्यायिक समिति समक्ष दर्ता भएको तर न्यायिक समिति गठन नभएको हुँदा वडा नं. ५ को मेलमिलाप केन्द्रमा सिफारिस गरि पठाइएको छ ।

त्यसै गरी "राक्सिराङ्ग गाँउपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि २०७७" को दफा २४ अनुसार हरेक वडाका मेलमिलाप केन्द्रहरुले आफ्नो बार्षिक प्रतिवेदन न्यायिक समिति समक्ष पेश गर्नु पर्ने भएको हुदा वडा नं. ३ को मेलमिलाप केन्द्रबाट २०७८ साउन ०१ देखी २०७९ असार मसान्त सम्म ९ वटा र वडा नं. १ मेलमिलाप केन्द्रबाट २ गरी जम्मा ११ वटा विवाद दर्ता भई मिलापत्र भएको छ भने वडा नं. ५ मेलमिलाप केन्द्रमा दर्ता भएको विवाद छलफल गर्न बाकी रहेको भनिन्यायिक समितिमा मौखिक जानकारी प्राप्त भएको छ । वडा नं.२, ४, ६, ७, ८ र ९ नं. मेलमिलाप केन्द्रमा २०७८ साउन देखि २०७९ असार मसान्तसम्म कुनै प्रकारका उजुरी पेश नभएको तर कानुनी प्रक्रियाको बारेमा समाजका व्यक्तिलाई बताईरहेको भनि न्यायिक समिति समक्ष मौखिक रुपमा जानकारी प्राप्त भएको छ ।

यसका साथै स्थानीय न्यायिक सहजकर्ताद्वारा एक दिने कानुनी परामर्श सम्बन्धि १ देखि ९ वटै वडाहरुमा विभिन्न उद्देश्यका साथ कार्यक्रम सम्पन्न गरियो । जसको मुख्य उद्देश्य स्थानिय तहका विवाद स्थानिय तहमा नै मेलमिलाप गराउँन सक्ने जनशक्तिहरु निर्माण गरी न्यायिक पहुंजको अभिबृद्धि गर्ने ,प्रत्येक वडामा आउँने विवादहरु सोहि वडामा नै मेलमिलाप गर्न सक्ने जनशक्ति निर्माण गरी मेलमिलापको माध्यमबाट विवादको स्थायी समाधान गर्न स्थायी संयन्त्रको विकाश गर्न र प्रमुख समस्याहरुको पहिचान नै समाधान को प्रयास हुने भन्ने मूल भावनाका साथ विभिन्न उद्देश्यका साथ न्यायिक समिति र न्यायिक सहजकर्ताद्वारा तालिम सञ्चालन गरी कानुनी प्रक्रियाका बारेमा मेलमिलाप कर्ता र नेतृत्व गर्न सक्ने महिलाहरुको लागि कानुनी परामर्श सम्बन्धि तालिम सञ्चालन गरियो ।

अन्त्यमा राक्सिराङ्ग गाउँपालिकाको सम्पूर्ण व्यक्तिहरुले कानुन के हो ? कानुन व्यक्तिले बुझ्नु किन जरुरत छ भन्ने कुराको बोध गराउँदै कुनै व्यक्तिहरु अन्यायमा नपरुन र विना गल्ती र विना कसुर कुनैपनि व्यक्ति सजायको भागिदार बन्न नपरोस, सबैले निष्पक्ष न्यायको महसुस गर्न सकुन र सम्पुर्ण नागरिकले सम्मानपुर्वक बाच्न पाउने हक तथा मौलिक अधिकारको बारेमा जानकारी पाउन र न्यायिक समिति समक्ष आफ्नो समस्या खुलस्त खुलाई न्यायको महसुस गर्न सकुन भन्ने उदश्यका साथ न्यायिक समिति र मेलमिलाप कर्ताहरुले निष्पक्ष ढंगले प्रभावकारी न्याय सम्पादन गर्न गराउन सक्ने, हरेक नागरिकलाई सक्षम बनाउने तर्फ न्यायिक समिति एवं मेलमिलाप कर्ताहरुले निष्पक्ष ढंगले तथा प्रभावकारी न्याय सम्पादन गर्न गराउन सक्ने, सक्षम बनाउने तर्फ न्यायिक समिति र गाउँपालिकाको विभिन्न कार्यक्रमका साथ अघि बढिरहेको छ र हालसम्म ९वटै वडा स्तरिय न्यायिक समितिमा निम्नानुसार मेलमिलापकर्ताहरु कार्यरत रहेका छन्

राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति अन्तर्गतका ९ वटै वडाका मेलमिलाप कर्ताहरुको नामावली :

| सि नं. | मेलमिलापकर्ताको नाम, थर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रताप चेपाङ | राक्सिराङ्ग- १ | ९८५५०६९७१५ | |
| २ | श्री प्रेमलाल मोक्तान | राक्सिराङ्ग- १ | ९८४५५९९५३५ | |
| ३ | श्री राम बा. स्याङ्तान | राक्सिराङ्ग- १ | ९८१५२७२४०४ | |
| ४ | श्री सुब बा.घलान | राक्सिराङ्ग- २ | ९८४५५९९५३१ | |
| ५ | श्री रुद्र बा. थापा | राक्सिराङ्ग- २ | ९८४५८०१७४१ | |
| ६ | श्री बुद्धराम मोक्तान | राक्सिराङ्ग- २ | ९८६०३८१७९२ | हाल २ नं. वडा अध्यक्षमा निर्वाचित |
| ७ | श्री कविता बल | राक्सिराङ्ग- ३ | ९८४५६०४८१८ | |
| ८ | श्री रमा मोक्तान | राक्सिराङ्ग- ३ | ९८४५५३५८८५ | अनमी |
| ९ | श्री थल बा. थापा (सन्तोष) | राक्सिराङ्ग- ३ | ९८४०१८८०८० | नाफान संस्थासंग आवद्ध |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री गोपिन ब्लोन | राक्सिराङ्ग- ४ | ९८६५१९२३३० | |
| ११ | श्री कोपिला गोले | राक्सिराङ्ग- ४ | ९८४५१४९०२५ | |
| १२ | श्री सुमित्रा थिङ | राक्सिराङ्ग- ४ | | |
| १३ | श्री कमला प्रजा | राक्सिराङ्ग- ५ | ९८४५५२४२१८ | |
| १४ | श्री चन्द्र मान प्रजा | राक्सिराङ्ग- ५ | ९८४५२३६४२८ | हाल रा.गा.पा.कार्यपालिका सदस्य |
| १५ | श्री ठाकुराम थिङ | राक्सिराङ्ग- ५ | ९८४५६३९८९६ | |
| १६ | श्री डस बा. तामाङ | राक्सिराङ्ग- ६ | ९८४५१७२५०९ | |
| १७ | श्री प्रशान्त चेपाङ | राक्सिराङ्ग- ६ | ९८४५७७८८२१ | |
| १८ | श्री खुशीमायाँ तामाङ | राक्सिराङ्ग- ६ | | |
| १९ | श्री सरद लाल स्याङतान | राक्सिराङ्ग- ७ | ९८४५४३६९२१ | |
| २० | श्री काली बहादुर प्रजा | राक्सिराङ्ग- ७ | ९८१६४३०८५० | |
| २१ | श्री बिबि मायाँ गोलो | राक्सिराङ्ग- ७ | ९८६१४५०८१६ | |
| २२ | श्री राजकुमार स्याङतान | राक्सिराङ्ग- ८ | ९८६५५५४२४९<br>९८२१८१०३६१ | |
| २३ | श्री सरिता मोक्तान | राक्सिराङ्ग- ८ | ९८१७१७८३४१ | |
| २४ | श्री सुकुलाल रुम्बा | राक्सिराङ्ग- ८ | ९८४५२४२९१२ | |
| २५ | श्री दमयन्ती मल्ल | राक्सिराङ्ग- ९ | ९८६५०४८०७५ | |
| २६ | श्री कुमारी पाखीन | राक्सिराङ्ग- ९ | ९८६५०४८७३० | शिक्षिका |
| २७ | श्री रुद्र कुमारी अर्याल | राक्सिराङ्ग- ९ | ९८६११८६१६५ | |

..........................

(बनस्तम थिङ)

संयोजक

न्यायिक समिति, राक्सिराङ्ग गाउँपालिका

**निर्णय नं. १० विविध**

नेपालको वर्तमान संविधानको धारा २१७ को कार्यान्वयनको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुसार राक्सिराङ्ग गाउँपालिकाको न्यायिक समितिमा देहाय बमोजिमका सदस्यहरु रहने गरी गाउँ सभामा पेश गर्ने गरी गठन गर्ने निर्णय गरियो ।

- संयोजक उपाध्यक्ष श्री बनस्तम थिङ्ग
- सदस्य श्री हरि बहादुर प्रजा

सदस्य श्री सजिना मुक्तान नेपाली

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत